# चन्द्रनगर गाउँपालिका

# स्थानीय राजपत्र

**(खण्ड : ९) चन्द्रनगर पुष २४ गते, २०८२ साल (संख्या : ६)**

## भाग : २

## चन्द्रनगर गाउँपालिका

चन्द्रनगर गाउँपालिकाबाट गरिने कार्यलाई व्यवस्थित गर्न नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी चन्द्रनगर.गाउँकार्यपालिकाले मिति २०८२/०९/२४ को निर्णयानुसार देहायका कार्यविधि स्वीकृत गरि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**२०८२ सालको कार्यविधि नं. ६**

## चन्द्रनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, सर्लाही

## मधेश प्रदेश, नेपाल

चन्द्रनगर गाउँपालिकामा विभिन्न पदहरूमा
करार सेवामा पदपूर्तिको लागि
सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरूको

## सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२

## चन्द्रनगर गाउँपालिकामा विभिन्न पदहरूमा करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२

स्विकृत मिती: २०८२/०९/२४

### प्रस्तावना

चन्द्रनगर गाउँपालिकामा विभिन्न पदहरूमा करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरूको सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ।

---

## परिच्छेद १: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम “ चन्द्रनगर गाउँपालिकामा विभिन्न पदहरूमा करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षामा खटिने कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ ” हुनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा

(क) “पदपूर्ति समिति” भन्नाले गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त पदमा करार सेवामा पदपूर्तिको लागि गठन हुने समिति बुझिन्छ ।

(ख) “गाउँ कार्यपालिका” भन्नाले चन्द्रनगर गाउँ कार्यपालिकालाई बुझिन्छ ।

(ग) “गाउँपालिका” भन्नाले चन्द्रनगर गाउँपालिकालाई बुझिन्छ ।

(घ) “ खटिने कर्मचारी” भन्नाले पदपूर्ति समितिको कर्मचारी तथा आमन्त्रित कर्मचारी/पदाधिकारी लाई समेत लाई जनाउने छ ।

# परिच्छेद २:

## सेवा सुविधा सम्बन्धी व्यवस्था

### ३. लिखित परीक्षा संचालनमा खटिने कर्मचारीहरूको सेवा सुविधा

क) लिखित परीक्षा संन्चालनमा परीक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सूविधा प्रति सिफ्ट देहाय बमोजिम हुनेछ।

| पद | दर (रु) |
|---|---|
| केन्द्राध्यक्ष | १००० |
| सहायक केन्द्राध्यक्ष | ८०० |
| निरीक्षक | ७०० |
| कार्यालय सहयोगी | ५०० |
| सुरक्षाकर्मी | ३०० |

(ख) खण्ड ३ (क) मा जुन सुकै करा लेखिएको भएता पनि यदी कुनै कर्मचारी/जनशक्ती गाउँ पालिका बाहिर बाट आएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम थप दैनिम भ्रमण भता बापतको रकम उपलब्ध गराईनेछ।

(ग) लिखित परीक्षामा सफल उमेद्वारहरको अन्तर्वार्तामा खटिने कर्मचारीहरुको सेवा सूविधा प्रति सिफ्ट देहाय बमोजिम हुनेछ ।

| पद | दर रु |
|---|---|
| संयोजक | १००० |
| सदस्य | ८५० |
| विषय विशेषज्ञ | ८५० |
| सहयोगी कर्मचारी | ५०० |
| | |
| कार्यालय सहयोगी | ३०० |
| सुरक्षाकर्मी | ५०० |

स्पष्टिकरण: प्रति सिफ्ट भन्नाले बढीमा २ घण्टाको समय लाई बुझाउने छ ।

घ) खण्ड ३ (ग) मा जुन सुकै करा लेखिएको भएता पनि यदी कुनै कर्मचारी/जनशक्ती गाउँ पालिका बाहिर बाट आएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम थप दैनिम भ्रमण भता बापतको रकम उपलब्ध गराईनेछ।

४. उमेदवारको विषयगत तथा वस्तुगत परीक्षाको प्रश्नपत्र निर्माण तथा उतर पूस्तिका जाचँ गर्ने परिक्षकले प्राप्त गर्ने सूविधा

(क) प्रश्नपत्र निर्माण गर्न अधिकृत स्तरको कर्मचारी वा विषय विज्ञलाई लगाईने छ। प्रश्नपत्र निर्माण गर्ने स्रोत व्यक्तिलाई वस्तुगतका लागि रु. १००० र विषयगतका लागि रु. ८००। उपलब्ध गराईने छ।

(ख) उतर पुस्तिका जाचँको लागि अधिकृत स्तरको कर्मचारी वा विषय विज्ञलाई लगाईने छ। उत्तरपुस्तिका जाँच गर्ने परीक्षकलाई विषयगत प्रति उत्तरपुस्तिका रु. ४० वस्तुगत प्रति उत्तरपुस्तिका रु. ३० उपलब्ध गराईने छ ।

## ५. पदपूर्ति समितिका पदाधिकारीहरूको सुविधा

समितिमा सहभागी पदाधिकारीहरूले बैठक भत्ता देहाय बमोजिम प्राप्त गर्नेछन्।

| पद | दर रु |
|---|---|
| संयोजक | १००० |
| सदस्य | १००० |
| सहयोगी कर्मचारी | ५०० |
| कार्यालय सहयोगी | ३०० |

## ६. कार्यान्वयनको मान्यता

- यो कार्यविधि लागू हुनु पूर्व भएका कार्यहरू यसै कार्यविधि अनुसार मान्यता प्राप्त हुनेछ।

अज्ञाले
जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत
चन्द्रनगर गाउँपालिका सर्लाही